**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १३ गते**
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** बागचौर नगरपालिकाले ८ सय ९० विपन्न परिवारलाई राहत वितरण गर्न थालेको छ । लकडाउनका कारण दैनिक जीवनयापन गर्न कठिनाइ भएका परिवारहरूको विवरण सङ्कलन गरी राहत वितरण शुरु गरिएको नगरप्रमुख लोकमान बुढाथोकीले बताउनुभयो ।
यस्तै वनगाड कुपिण्डे नगरपालिकाका ५७ जनालाई क्वारेन्टाइनमा राखिएको छ । मोरङ जिल्लामा सडक निर्माणको काम गर्ने वनगाड कुपिण्डे नगरपालिकाका ४९ जना, ५ जना बालबालिका र तीन जना गाडीचालक गरी ५७ जनालाई क्वारेन्टाइनमा राखिएको हो । नगरपालिकाको वडा नम्वर १, ७, ८, १० र ११ का गरेर ५७ जनालाई प्रभाकर माध्यमिक विद्यालय देवस्थलमा रहेको क्वारेन्टाइनमा राखिएको नगरपालिकाले जनाएको छ ।
यसैगरी सल्यान उद्योग वाणिज्य संघ सल्यानले कपुरकोट गाउँपालिकाबाट राहत उपलब्ध गराउने कार्य शुरु गरेको छ । कोरोना भाईरस संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा सहयोग पुर्‍याउने उद्देयले प्रत्येक स्थानीय तहलाई १५ हजार रुपैयाको दरले आर्थिक सहायता उपलब्ध गराउने उद्योग वाणिज्य संघ सल्यानका अध्यक्ष विर बहादुर चलाउनेले जानकारी दिनुभयो ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** जेठ दोस्रो देखि तेस्रो साताबाट खुल्ला गरिने यार्सागुम्बा पाईने पाटन क्षेत्रमा यो पटक भने कोरोना भाइरसको त्रासका कारण रोक लगाइने भएकोछ । मुगुम कार्मारोङ गाँउपालिकाले वडा नं १ को डोल्पु, वडा नं २ को मुगुम र वडा नं ७ को महलेखमा यार्सागुम्बा संकलनका लागि हरेक बर्ष जेठ दोस्रो र तेस्रो साताबाट असार अन्तिम सम्म सर्बसाधरणलाई जान अनुमति दिइन्थ्यो ।
यार्सा सकंलनको लागि हरेक बर्ष विभिन्न जिल्लाबाट हजारौंको संख्यामा मानिसहरु आउने भएको कारण गाउँपालिकाले वैशाख १२ गते यो पटक यार्सा संकलनमा रोक लगाउने निर्णय गरेको हो । गाउँपालिकाका १ देखि ९ वडाका १६ बस्तिको मुख्य आयश्रोत नै यार्सागुम्बा हो । यार्सागुम्बा सकंलनमा रोक लगाउने निर्णय गरेपछि स्थानीयहरु घर खर्च कसरी जुटाउने भन्ने चिन्तामा रहेको मुगुम कार्मारोङ गाँउपालिका-२ का अध्यक्ष कार्मा तामङ्गले बताउनुभयो ।
जिल्ला भित्र र अन्य जिल्लाबाट आएका सकंलकबाट लिइने प्रबेश शुल्क नै गाँउपालिकाको आन्तरिक श्रोत भएकोले यस वर्ष आम्दानी शुन्य हुने प्रमुख प्रशासकिय अधिकृत तिर्थराज शाहीको भनाई छ ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** ताँजाकोट गाउँपालिकाले स्वास्थ्य संस्था र हेल्थ डेक्सहरुका लागि स्वास्थ्य सामग्री पुर्‍याएको छ ।
वैशाख १२ गते गाउँपालिका भित्र रहेका ४ वटा सामुदायीक स्वास्थ्य इकाई, २ वटा स्वास्थ्य चौकी र २ वटा हेल्थ डेक्स गरि ८ वटा स्वास्थ्य संस्थाहरुलाई सामग्री वितरण गरिएको गाउँपालिका अध्यक्ष बागदल मल्लले बताउनुभयो ।
अध्यक्ष मल्लका अनुसार ८ थान थर्मल गन, २० थान पिपिई, ७ हजार सर्जिकल मास्क, १ सय ५० सेनीटाइजर लगायतका ८ लाख बराबरको सामग्री उपलब्ध गराइएको छ ।

यस्तै सिमकोट गाउँपालिकाले यस अघि प्रत्येक महिनाको ८ गते लगाउँदै आएको खोप यो महिना लकडाउनका कारण वैशाख ११ गतेबाट सुरु गर्ने भएको छ । सिमकोट गाउँपालिका-१, २ र ७ मा वैशाख ११ र १२ गते शुरु गरिएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रमुख प्रेमबहादुर सिंहले बताउनुभयो । जिल्लाका ७ वटै गाउँपालिकामा खोप लगाउनेबारे स्वास्थ्य मन्त्रालयको परिपत्र अनुसार जानकारी गराइएको प्रमुख सिंहको भनाई छ ।
यसैगरी जिल्लाको विपद कोषमा विभिन्न क्षेत्रमा काम गर्दै आएका गैर सरकारी संस्थाहरुले ९ लाख ७६ हजार रुपियाँ आर्थिक सहयोग गरेका छन ।
गुडनेबर्स इन्टरनेस्नलले १ लाख ५० हजार, किर्डाक नेपालले १ लाख १० हजार, स्नोल्याण्ड एकिकृत बिकास केन्द्रले १ लाख, नेपाल ट्र्सले १ लाख, हेड नेपालले ५६ हजार २ सय ५०, सप्रोस नेपालले ५५ हजार, सिप नेपालले ५५ हजार, महिला कल्याण सेवाले ५० हजार ५ सय ५० रुपैंया सहयोग गरेका छन् ।
यस्तै नेपाल अष्ट्रिया साझेदारी संस्थाले ५० हजार, हिमालय कन्जरभेसन डिभालोमेण्ट एसोशियसन हुम्लाले ५० हजार, आधार नेपालले ५० हजार, रिडर्स नेपालले ५० हजार, हिमाली बाल समाजले ५० हजार र हिमाली नबिन समाजले ५० हजार गरी जम्मा ९ लाख ७६ हजार ८ सय रकम कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समितिको खातामा रकम जममा गरिएको स्नोल्याण्ड एकिकृत बिकास केन्द्रका कार्यकारी निर्देशक गोबिन्द शाहीले बताउनुभयो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसी**का अनुसार जिल्लामा हालसम्म नौ सय २६ जनाको कोरोना परीक्षण गरिएको छ । पहिलो चरणमा भारत तथा अन्य मुलुकबाट आएका र उनिहरुको प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिको कोरोना परीक्षण गरिएकोमा सबैजनाको रिपोर्ट नेगेटिभ आएको छ ।
वैशाख १२ गतेसम्म आठसय २० जनाको द्रुत परीक्षण र एकसय ६ जनाको स्वाब संकलन गरेर पिसिआर बिधिबाट परीक्षण गरिएको थियो । मुसिकोट नगरपालिका र आठविसकोट नगरपालिका बाहेक अन्य स्थानिय तहमा भने भारत तथा अन्य मुलुकबाट आएका सबै र उनिहरुको प्रत्यक्ष सम्पर्कमा रहेका केही व्यक्तिहरुको परीक्षण गरिएको स्वास्थ्य सेवा कार्यालयका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन इश्वर रावलले जानकारी दिनुभयो । आरडीटी किटको अभावको कारण आठविसकोट र मुसिकोट नगरपालिकाका केहि व्यक्तिहरुको परीक्षण बाँकी रहेको रावलको भनाई छ ।
त्यस्तै चौरजहारी नगरपालिकाले जिल्ला बाहिर अलपत्र परेका दुइसय ५० जनाको उद्धार गरेको छ । उद्धार गरीएका सबै जनालाई होम क्वारेन्टिनमा बस्न आह्वान गरिएको नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत रामबहादुर केसीले बताउनुभयो । अलपत्र परेका थप व्यक्तिको उद्धारको लागि नगरबस पठाइएको उहाँको भनाइ छ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** खाद्य व्यवस्था तथा व्यापार कम्पनीले लकडाउनको समयमा चामलमा मुल्यवृद्धि गरेको भन्दै डोल्पाका नागरिकले विरोध जनाएका छन ।
तीन दिन अघि १० प्रतिशत छुटमा बिक्री भइरहेको जापानी चामलको मुल्य बढाएर पाँच हजार पुऱ्याइएको छ । ४ हजार ४०० मा बिक्री भएको चामल दश प्रतिशत छुटसहित तीन हजार ९ सय ६० रुपैयाँमा बिक्री गर्दै आएको संस्थानले बढाएर पाँच हजार पुऱ्याएपछि बिरोध भएको स्थानीय हरिरुप रोकायाले बताउनुभयो ।
लकडाउनमा चामलको माग बढेपछि कम्पनीले मुल्य बढाएर कालोबजारी गरेको स्थानीयको आरोप छ । हाल जिल्लामा २४ सय क्वीन्टल चामल मौज्दात छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी डोल्पाका प्रमुख कमलराज पाण्डेले आफूहरुले माथिको आदेश अनुसार मूल्य बढाएको बताउनुभयो । उहाँका अनुसार डोल्पामा हाल सबै क्षेत्रमा जापानी चामलको माग बढी रहेको छ ।
चामलको मुल्यवृद्धिबारे संस्थानसँग बुझेर समस्याको समाधान खोजिने प्रमुख जिल्ला अधिकारी सुरेश सुनारको भनाई छ ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** कुशे गाउँपालिका-१ मा वडा समितिले २५ परिवारलाई खाद्यान्न वितरण गरेको । नेकपा वडा कमिटीको सहयोगमा प्रति परिवार १० किलो चामल, १ पोका तेल र १ पोका नुन वितरण गरिएको वडाध्यक्ष गोपालबहादुर नेपालीले जानकारी दिनुभयो ।
उहाँका अनुसार यस्तै मजदुरीको लागि स्याङ्जा पुगेर हालै घर फर्किएका कुशे १-का ८ जनालाई क्वारेन्टाइनमा राखिएको अध्यक्ष नेपालीले बताउनुभयो । उनीहरुलाई तपोधेनु माध्यामिक विद्यालयमा क्वारेन्टाइन स्थापना गरी राखिएको छ । यस्तै बारेकोट गाउँपालिकामा सुर्खेत नेपालगञ्ज र काठमाडौंबाट आएका एक सय १७ जनालाई क्वारेन्टाइनमा राखिएको गाउँ पालिका अध्यक्ष महेन्द्रबहादुर शाहले बताउनुभयो ।
यसैगरी जिल्लामा खाद्यान्नको माग बढेपछि जिल्ला खाद्य व्यवस्था समितिले सरकारसँग थप २६ हजार क्वीन्टल खाद्यान्न माग गरेको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका डिपोहरुमा चामल सकिंदै गएको प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताउनुभयो । उहाँका अनुसार जिल्लाका थप सात ठाउँमा सहुलियत दरको चामलको व्यवस्था गर्न पनि माग गरिएको छ ।
खाद्य तथा व्यापार कम्पनी लिमिटेड जाजरकोटका प्रमुख धर्मराज बस्नेतले डिपोहरुमा चामलको मौज्दात सकिन लागेकोले समयमै आपूर्ति नभए खाद्यसंकट निम्तिने बताउनुभयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** कोरोना भाइरस रोकथामका लागि दैलेख उद्योग बाणिज्य संघका अध्यक्ष एवं भैरहवा सुनचाँदी पसलका प्रोप्राइटर कुलबहादुर बिकले सुरक्षा निकाय, पत्रकार र विपन्न परिवारहरुलाई साढे दुई लाख रुपैया बराबरको स्वास्थ्य सामग्री वितरण गर्नुभएको छ ।
वैशाख १३ गते ११ सय ६० थान मास्क, ८ सय ६० थान हात धुने डिटोल साबुन, ९५ थान सेनिटाइजर र ६ सय जोडी हातमा लगाउने ग्लोव्स वितरण गरिएको हो । बिकले सदरमुकामको बृद्धाश्रम, अनाथालय, जीवन ज्योति चर्च, नमूनाबस्ती, भगवती टोल र गोलबजारका विपन्न परिवारहरुलाई पनि उक्त स्वास्थ्य सामग्री दिएको बताउनुभएको छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** सिंजाको हिमा गाउँपालिकाले जिल्ला बाहिर अलपत्र परेका तीन सय नागरिकलाई उद्धार गर्ने भएको छ ।
काठमाडौ, बुटवल, भैरवा बाँके, बर्दिया र सुर्खेतमा अलपत्र परेका श्रमिक मजदुर बिधार्थीलाई ६ वटा सवारी साधन भाडामा लिएर उद्धार थालेको गाउँपालिका अध्यक्ष रजबहादुर शाहीले बताउनुभयो । उहाँका अनुसार अलपत्र परेका नागरिकलाई सर्म्पकमा ल्याउन काठमाडौंमा मनोज शाही, नेपालगञ्जमा जगत शाही, सुर्खेतमा मनराज शाही र प्रबिन शाहीलाई जिम्मेवारी दिएको छ ।
सुर्खेतबाट ८० जना, नेपालगञ्जबाट १ सय ४३ जना र काठमाडौंबाट ४७ जना उद्धार गरेर गाउँपालिकामा पुऱ्याइएको नेकपा युवा नेता अम्मरजंग शाहीले बताउनुभयो । बाहिर जिल्लाबाट आएका

नागरिकलाई हेल्थ डेस्कमा स्वास्थ्य परीक्षण गरी अनिवार्य १४ दिन क्वारेन्टाइनमा बस्ने व्यवस्था गरिएको गाउँपालिकाले जनाएको छ ।
१० चैत देखि हालसम्म जुम्लामा ६ हजार एक सय ७३ जना भित्रिएका छन् भने १ सय ९५ जना क्वारेन्टाइनमा बसेका छन् । ३ सय ३६ जना भने घर फिर्ता भएको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** जिल्लाको चिङ्गाड गाउँपालिकाले विपन्न तथा ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने वर्गलाई राहत वितरण गर्ने भएको छ । लगत संकलन सम्पन्न भए लगत्तै एक हजार जनालाई वैशाख १३ गतेदेखि राहत वितरण गर्न शुरु गरिएको गाउँपालिका अध्यक्ष देवबहादुर चन्दले बताउनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**